प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१८ । । अङ्क : ०१९ ॥ २०८२ फागुन ०६ गते बुधबार (18th Feb 2026 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# ओलीको ४२ बुँदे प्रतिवद्धता पत्र सार्वजनिक

दमक,फागुन ५ । झापा ५ का उम्मेदवार नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले ४२ बुँदे प्रतिवद्धता पत्र सार्वजनिक गरेका छन् । मंगलबार दमकमा सार्वजनिक गरिएको प्रतिवद्धता पत्रमा सुशासन, भ्रष्टाचार नियन्त्रण, राष्ट्र-राष्ट्रियताको सवाल र पूर्वाधारलगायतका मुख्य विषय समेटिएको छ ।

नेकपा एमाले क्षेत्र नं.५ को ४२ बुँदे प्रतिवद्धता पत्रमा आ.व. २०८२/०८३ मा विनियोजित भई हाल रोकिएका र अधुरा रहेका सबै विकास निर्माणका कामहरू पूरा गर्न सशक्त पहलकदमी गरिने, भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जनतालाई जग्गाधनी प्रमाण-पूर्जा उपलब्ध गराउने कार्यलाई तीव्रता दिइने, जनता आवास र विपन्न आवास निर्माणका कार्यक्रमलाई निरन्तरता दिइने, आदिबासी, जनजाति, दलित, सन्थाल, मुस्लिम लगायतका पछाडि परेका सबै समुदायका नागरिकको जीवनस्तर उकास्ने किसिमका कार्यक्रम ल्याउने उल्लेख छ ।

यसैगरी स्वास्थ्य बीमा सेवालाई थप वृद्धि गर्दै अझै व्यवस्थित गर्ने, स्तरोन्नति भइसकेका सबै ग्राभेल सडकहरूलाई क्रमशः कालोपत्रे गर्ने, अधुरो रहेका सबै सामुदायिक



भवनहरूलाई क्रमिक रूपमा निर्माण कार्य सम्पन्न गर्ने, आवश्यक स्थानहरूमा अन्न, फलफूल भण्डारणका लागि शीतभण्डार निर्माण गर्ने, प्रत्येक पालिकामा एक-एकवटा सुविधासम्पन्न खेलमैदान निर्माण र क्रमशः वडा स्तरसम्म खेलमैदानलाई विस्तार गर्ने प्रतिवद्धता जनाइएको छ ।

सबै सामुदायिक क्याम्पस र विद्यालयहरूलाई भौतिक र शैक्षिक रूपमा सक्षम बनाउने, कृषिमा सिँचाईको सुविधालाई भूमिगत र सतही सिंचाईका माध्यमबाट व्यवस्थापन गर्ने, कृषिलाई आधुनिकीकरण गर्दै यान्त्रिकीकरणतर्फ उन्मुख गराई बजारीकरण गर्न पहल गर्ने, यस क्षेत्रका जनताको कृषि कर्मलाई मध्यनजर गरी आवश्यकता अनुसार जैविक मल कारखाना स्थापना गर्न पहल गर्ने, समग्र कृषि क्षेत्रको विकास गरी खाद्यान्नमा आत्मनिर्भर बनाउने, सबै किसिमका अव्यवस्थित बजार हरूलाई व्यवस्थित गराउने उल्लेख छ ।

यस्तै दमक र गौरादह बजारलाई आधुनिकीकरण गर्दै गौरीगञ्ज बजारमा थालनी गरिएको स्मार्ट सिटीको कार्यक्रमलाई यथाशीघ्र कार्यान्वयन गराउने, यस क्षेत्रमा रहेका अन्य बजारहरूलाई पनि व्यवस्थित बजारको रूपमा विकास गर्दै जाने, रतुवा, मावा, कमल खोलाको तटबन्ध कार्य पूरा गरी किस्नी, वाइसी, गेउरिया, भुत्लुङ, केर्खा , रामचन्द्रे, घान्दु लगायतका खोलाहरूमा आवश्यक तटबन्ध गर्ने, दमक- चिसापानी- रवि सडक पुनः ठेक्का लगाई निर्माण सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाइने प्रतिवद्धता रहेको छ ।

यसैगरी दमक-३ को महेश चौकदेखि उर्लाबारी जोड्ने मावा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने, दमक ३ स्थित बिजनेस टावरलाई सञ्चालनमा ल्याउने र आसपासको जग्गा ल्यान्डपुलिङ गर्न पहल गर्ने, दमकमा रहेका विज्ञान पार्क, इन्द्रेणी ताल, पशुपति सिमसार क्षेत्र र लाजेको बाँधलाई विकास गरी पर्यटकीय क्षेत्र बनाउने, नेपाल-चीन मैत्री औद्योगिक पार्क निर्माण कार्य सम्पन्न गर्ने, दमक-३ मा प्रस्ताव गरिएको मदन भण्डारी रङ्गशाला निर्माणमा पहल गर्ने विषयलाई पनि प्रतिवद्धता पत्रमा

❖ बाँकी पृष्ठ ४ मा

# कन्काई पुलमा पराल राखेर बमको आतंक

झापा, फागुन ५ । पूर्वपश्चिम राजमार्गको कन्काई पुलमा पराल राखेर बमको आतंक गरिएको छ ।

मंगलवार बिहान करिब ३:४५ बजे झापा शिवसताक्षी -१० माईधारस्थित कन्काई पुलमा शंकास्पद बस्तु फेला परेको थियो । जसका कारण पूर्वपश्चिम राजमार्गमा यातायातका सवारी साधनहरु अवरुद्ध भएका थिए । सेनाको बम डिस्पोजल टोलीले हेर्दा सो शंकास्पद वस्तु परालको डल्लो भएको पुष्टि भएको छ । उक्त शंकास्पद वस्तुलाई कागजले बेरेर "नेपाल बन्द होशियार" लेखिएको थियो । नेकपा(बहुमत) ले मंगलवार नेपाल बन्दको आह्वान गरेको थियो ।

नेपाली सेनाले कन्काई पुलमा राखिएको शंकास्पद बस्तु डिस्पोज गरेको थियो । अरिदमन गण चारआली व्यारेकलाई खबर प्राप्त भएपश्चात् उक्त गण अन्तर्गत रहेको कम्पनी अपरेटिङ बेस (सीओबी)सुरुङ्गाबाट तत्काल बम डिस्पोजल टिमसहित गएको फौजले सुरक्षाको सम्पूर्ण व्यवस्था मिलाई उक्त शंकास्पद वस्तु (होक्स) डिस्पोज गरेको हो ।

नेपाली सेनाको अरिदमन गणबाट शंकास्पद वस्तु (होक्स) डिस्पोज गरेपश्चात् राजमार्गमा सवारी साधनहरु सुचारु भएका थिए ।

# बसपार्कको जग्गा फुकुवा गर्न उज्यालोले पहल गर्ने

झापा, फागुन ५ । उज्यालो नेपाल पार्टीले गिरीबन्धु टि इस्टेटसँग जोडिएको ५१ विगाह जग्गा फुकुवा गर्न पहल गर्ने भएको छ । उज्यालो नेपाल पार्टीका तर्फबाट झापा क्षेत्र नं २ मा उम्मेद्वार बनेका सीके बेघाले आफ्नो चुनावी घोषणापत्रमै उल्लेख गरेर बिर्तामोड बसपार्कको जग्गा समस्याको समाधानका लागि पहल गर्ने बताएका छन् । उनले बसपार्कको जग्गा समस्या समाधानका लागि उच्चस्तरीय स्वतन्त्र नागरिक छानविन समिति गठन गरिनु पर्ने उनले बताएका छन् । उम्मेदवार बेघाले आफ् नो घोषणापत्रमा झापा निर्वाचन क्षेत्र २ मा संचालन भइरहेका विकास निर्माणका आयोजनाहरु



तोकिएको समयभित्र सम्पन्न गर्न पहल गर्ने, नयाँ विकासका आयोजनाहरु ल्याउन पहल गर्ने , शनिश्चरेबाट खुदुनाबारी तर्ने बिरिङ पुल र त्यसको आसपासमा तटबन्ध गर्ने , मदन भण्डारी लोकमार्ग निर्माणलाई गति दिन पहल गर्ने ,अदुवा खोलाका कारण आउने बाढी व्यवस्थापन गर्ने , विर्तामोडको बुधबारे कृषि बजारलाई व्यवस्थित गर्न भनि निर्माण गर्न खोजिएको भवन तत्काल निर्माण गर्न पहल गर्ने ,डोमालाल राजवंशी रंगशालालाई राष्ट्रिय स्तरको रंगशाला निर्माण गर्नेलगायतका एजेन्डा अगाडि सारेका छन् । उज्यालो नेपाल पार्टीले सुशासन र भ्रष्टाचारमुक्त राजनीति , रोजगार र अर्थतन्त्र , शिक्षा र स्वास्थ्य ,पूर्वाधार र विकास,कृषि, उद्योग र पर्यटन,महिला, युवा, आदिवासी जनजाति र जेष्ठ नागरिक ,खेलकुद,वातावरण संरक्षण र सरसफाई ,उद्योग र उध्यम,सिपमुलक तालिम,लोपोन्मुख तथा अल्पसंख्यक जाति र दलितलगायतका विषयलाई प्राथमिकताका साथ आफ्नो चुनावी घोषणापत्रमा समेटेको छ ।

# लागूऔषध ओसारपसारमा संलग्न १५ सवारीसाधन प्रहरी नियन्त्रणमा

धनकुटा । धनकुटा प्रहरीले लागूऔषध ओसारपसार तथा बिक्रीमा प्रयोग भएका साना, ठूला गरी १५ भन्दा बढी सवारीसाधन नियन्त्रणमा लिएको छ ।लागूऔषध ओसारपसारमा भारतीय नम्बर प्लेटका कारदेखि आकस्मिक सेवाका एम्बुलेन्स समेत प्रयोग भएको पाइएको छ ।

धनकुटा प्रहरीले लागूऔषध ब्राउनसुगर र गाँजा ओसारपसारमा संलग्न कारोबारीसँगै उनीहरुले प्रयोग गरेका सवारीसाधन नियन्त्रणमा लिएको हो ।



नियन्त्रणमा लिइएका सवारीसाधनमा ४ वटा कार, ४ वटा पिकअप, २ वटा जीप, भन्सार छुटमा ल्याइएका आकस्मिक सेवाका २ वटा एम्बुलेन्स तथा २ वटा ट्रक र मिनी ट्रक छन् । यी सवारीसाधन बिगत चार आर्थिक वर्षका विभिन्न समयमा पक्राउ परेका कारोबारीसँगै जफत गरिएको धनकुटाका एसपी शरतकुमार थापा क्षेत्रीले जानकारी दिए ।

कारोबारीहरुले गाँजा ओसारपसारका लागि भारतिय नम्बर प्लेटका गाडीका साथै आकस्मिक सेवाका एम्बुलेन्स समेत प्रयोग गर्दै आएको एसपी थापा क्षेत्रीको भनाई छ । नियन्त्रणमा लिइएका सवारीसाधन धनकुटा सदरमुकाममा प्रहरीले पहिले प्रयोग गरेको पुरानो कार्यालय रहेको गोकुण्डेश्वर माध्यमिक विद्यालयको उत्तरपट्टीको जमिनमा थन्क्याएको छ । केही सवारीसाधन भने मूलघाट चौकी परिसरमा राखिएको छ ।

नियन्त्रणमा रहेका सवारीसाधन कसुरको प्रकृति, परिमाण, संलग्नता र प्रमाणका आधारमा अदालतले गर्ने निर्णय पर्खिएर प्रहरीको रेखदेखमा राखिएको एसपी थापा क्षेत्रीको भनाई छ । अदालतको अन्तिम फैसला आएपछि मात्रै नियन्त्रणमा रहेका सवारीसाधनका बारेमा प्रष्ट हुने उनले जनाए । धनकुटामा पछिल्ला आर्थिक वर्षमा लागूऔषध दुर्व्यसनका मुद्दा पनि निरन्तर बढिरहेका छन् । आर्थिक वर्ष २०७७/०८७ यता लागूऔषध सम्बन्धी मुद्दाको संख्या बढ्दो छ । आर्थिक वर्ष २०७७/०७८ मा ४, ०७८/०७९ मा १०, ०७९/०८० मा २१, ०८०/०८१ मा २०, ०८१/०८२ मा ५७ र चालु आर्थिक वर्षको पुषसम्म १५ वटा लागूऔषध सम्बन्धी मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

# पक्राउको विरोधमा टायर बालेर बिरोध प्रदर्शन

झापा, फागुन ५ । राष्ट्र,राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं पक्राउको विरोधमा उनका कार्यकर्ताहरुले सडकमा टायर बालेर प्रदर्शन गरेका छन् ।

सोमवार राति ९ देखि ९:३० बजेसम्म बिर्तामोड -३ स्थित खाद्य संस्थानको गोदामअगाडि पूर्वपश्चिम राजमार्गमा टायर बालेर विरोध प्रदर्शन गरेका हुन् ।

नागरिक बचाउ महाअभियानका मेची अञ्चल संयोजक मधुरकान्त सिटौलाको नेतृत्वमा आन्दोलन परिचालन समितिका झापा जिल्ला संयोजक यमकुमार मैनाली, कन्काई नगर संयोजक विष्णु राजवंशीलगायत करिब १० जनाको



संख्यामा भेला भई "दुर्गा प्रसाईंलाई रिहा गर, सुशीला कार्की मुर्दावाद, हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ, गणतन्त्र मुर्दावाद" जस्ता नारा लगाई सडकमा टायर बालेर बिरोध प्रदर्शन गरेका थिए । इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी टोली खटिएर प्रदर्शनकारीहरुलाई तितरबितर बनाई आगो निभाएको थियो । सोमवार राति बीएण्डसी अस्पतालका संचालक प्रसाईंलाई भक्तपुरस्थित घरबाट प्रहरीले पक्राउ गरेको हो । मेडिकल व्यवसायी प्रसाईंमाथि अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौँले प्रहरीलाई चार दिनको म्याद दिएको छ ।

सोमबार भक्तपुरस्थित आफ्नै निवासबाट पक्राउ परेका प्रसाईंलाई जिल्ला प्रहरी परिसर काठमाडौँले मंगलवार प्रशासन कार्यालयमा पेस गरेको थियो । निर्वाचनसम्बन्धी अफवाह फैलाएर शान्ति खलल गरेको आरोपमा प्रसाईंलाई सार्वजनिक शान्तिविरुद्धको कसूरमा पक्राउ गरिएको र सोही कसुरमा अनुसन्धानका लागि म्याद थप भएको परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए ।

प्रसाईंले फागुन २१ मा निर्वाचन हुँदैन भन्दै हिँडेका थिए । यसअघि पनि उनी विभिन्न कसुरमा पटकपटक पक्राउ परेका थिए ।

केही दिनअघि वीरगञ्ज जान लागेका बेला दक्षिणकालीबाट एकपटक र त्यसअघि पोखराबाट पनि उनलाई पक्राउ गरिएको थियो । यसैबीच नागरिक बचाउ महाअभियानका मेची अञ्चल संयोजक मधुरकान्त सिटौलाले प्रेस विज्ञप्ति जारी गरी बुधवारदेखि अनिश्चितकालीन बन्द गर्ने चेतावनी दिएका छन् ।



### प्रतिनिधिसभा सदस्य निर्वाचन

# ९० हजार मतपेटिकाको व्यवस्था

काठमाडौँ, फागुन ५ । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक ९० हजार मतपेटिकाको व्यवस्था भइसकेको निर्वाचन आयोगले जनाएको छ ।



काठमाडौँ र ललितपुरका मतदान केन्द्रका लागि आवश्यक मतपेटिका आयोगको केन्द्रीय कार्यालयमै राखिएको छ । दुवै जिल्लाका निर्वाचन कार्यालयमा राख्ने ठाउँ नभएकाले केन्द्रीय कार्यालयमै राखिएको थियो । चितवनमा भने भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा मतपेटिका जलाइएकाले आयोगको केन्द्रीय कार्यालयबाट दुई हजार ५०० थान मतपेटिका पठाइएको प्रशासन शाखा प्रमुख एवं सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिए। भक्तपुरमा जिल्ला निर्वाचन कार्यालयले मतपेटिका राखेकाले त्यसैबाट मतदान केन्द्रसम्म पठाउने व्यवस्था गरिएको छ । अन्य ७४ जिल्लामा पनि २०७९ सालमै पठाइएको मतपेटिकाको मौज्दातबाट पठाइने गरी व्यवस्था गरिएको उनले बताए। यसपटकको निर्वाचनका लागि ९६७ मतदानस्थल र २३ हजार ११२ मतदान केन्द्र रहेको आयोगले जनाएको छ ।

# ‘ध्वनि चिकित्सामार्फत स्वास्थ्योपचार सम्भव’

काठमाडौँ । आधुनिक विज्ञान र प्रविधिको युगसँगै स्वाथ्य क्षेत्रमा विकास भएका आधुनिक चिकित्सा पद्धतिका बीचमा पनि सबै खालका स्वास्थ्य समस्या प्रकृतिबाटै पनि सम्भव रहेको दाबी गरिएको छ।

मंगलवार आयोजित ‘ध्वनि चिकित्सा’ सम्बन्धी प्रवचन र अभ्यास कार्यक्रममा ध्वनि चिकित्सा विज्ञ राजाराम पाण्डेले ब्रह्माण्डको मौलिक ऊर्जाका रूपमा रहेको ध्वनिका माध्यमद्वारा आरोग्यता प्राप्त गर्न सकिने बताए।

“ध्वनि भनेको ब्रह्माण्डको मौलिक ऊर्जा हो, जसको प्रभाव हाम्रो शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक पक्षमा प्रत्यक्ष रूपमा देखिन्छ। मानव सभ्यताको आदि कालदेखि नै ध्वनि विविध रूपमा प्रयोग हुँदै आएको छ”, उनले भने, “यो एक शुद्ध ब्रह्माण्डीय ऊर्जाको वैज्ञानिक, सूक्ष्म र सजीव प्रक्रिया हो। जसले शरीरका ऊर्जा केन्द्र (चक्रहरू) लाई सन्तुलनमा ल्याएर समग्र स्वास्थ्यमा सुधार ल्याउँछ ।”

ध्वनि चिकित्सा केवल प्राचीन विषय मात्र नभई विज्ञानसँग प्रत्यक्ष जोडिएको पाण्डेको भनाइ छ। उनले भने, “रोगको कारण र निवारण पनि ध्वनि नै हो, सम्पूर्ण रोगको उपचार नेपालको प्राचीन चिकित्साका रूपमा रहेका ध्वनि चिकित्साबाटै सम्भव छ।” विश्वभरबाट ध्वनि चिकित्साप्रति आकर्षण बढ्दै गएको जानकारी दिँदै उनले आफूहरूलाई विश्वका धेरै देशबाट यसबाट लाभ लिन आमन्त्रण भइरहेको बताए।

त्यस अवसरमा विज्ञ पाण्डेले छिट्टै २०० भन्दा बढी मुलुकमा ध्वनि चिकित्सको अभ्यास गराउन लागिएको जानकारी दिए। ध्वनि चिकित्सामा औषधिको प्रयोग नहुने र विशुद्ध ध्वनिमार्फत चक्र र ऊर्जालाई सक्रिय तुल्याई रोग निवारण गर्न सकिने उनको भनाइ छ।

रासस सञ्चालक समिति सदस्य कृष्ण अधिकारीले नेपालको प्राचीन र मौलिक उपचार पद्धतिका रूपमा रहेको ध्वनि चिकित्साका बारेमा घरघरमा जानकारी गराउनुपर्ने आवश्यकता औँल्याए। कार्यक्रममा राससकर्मीलाई ध्वनि चिकित्साको अभ्यास गराइएको थियो।

## पैदल यात्रीमाथि हातपात गर्ने बम पक्राउ



काठमाडौं । पैदल यात्रीलाई कुटपिट गर्ने एक जना पक्राउ परेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंले महाराजगन्जस्थित नारायणगोपाल चोकमा पैदल यात्रीलाई दुर्व्यवहार गर्ने ४२ वर्षीय पारस बमलाई पक्राउ गरेको हो।

परिसरका प्रवक्ता पवनकुमार भट्टराईका अनुसार बुढानिलकण्ठ निवासी बम पक्राउ परेका हुन्। बा३च ११०३ नम्बरका कार चालक बमले एक पैदल यात्रीलाई हातपात गरेका थिए। उक्त हातपात भएको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको थियो। सामाजिक सञ्जालमा भाइरल भएपछि प्रहरीले बमलाई खोजतलास गरेको थियो। सोही क्रममा ट्राफिक प्रहरीले बमलाई पक्राउ गरेको परिसरका भट्टराईले बताए।

# ९ सय ५५ केजी गाँजासहित दुई जना पक्राउ

धनकुटा । धनकुटाको आहालेस्थित चाँदीबजारबाट सुनसरीतर्फ लैजाँदै गरेको ९ सय ५५ केजी गाँजा प्रहरीले बरामद गरेको छ ।

धरान उपमहानगरपालिका २० विष्णुपादुकास्थित बरडाँडाबाट प्रहरीले दुई वटा सवार ीसाधनसहित उक्त परिमाणको गाँजा मंगलबार बिहान बरामद गरेको हो ।

यसक्रममा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा बाराको कोल्वी नगरपालिका ८ का २८ वर्षीय सन्दीपकुमार माझी र काठमाडौंको चन्द्रागिरी नगरपालिका ८ का ३३ वर्षीय नगेन्द्रराज श्रेष्ठ रहेको धरान प्रहरीले जनाएको छ ।

जाँचको क्रममा गाँजा बरामद भएको इलाका प्रहरी कार्यालय धरानका प्रहरी नायब उपरीक्षक भीषणबाबु राईले जानकारी दिए । माझी चालक रहेको बा प्र ०१ ०२७ च ११४३ नम्बरको गाडीबाट ४ सय ६० केजी गाँजा बरामद भएको छ । यस्तै, श्रेष्ठ सवार बी एसी ३२३६ नम्बरको गाडीबाट ४ सय ९५ केजी गाँजा बरामद भएको हो।

चाँदीबजारबाट विष्णुपादुकातर्फ आउँदै गरेका सवारीसाधन शंकास्पद लागेर जाँच गर्दा उक्त परिमाणको गाँजा बरामद भएको राईले बताए । नियन्त्रणमा लिइएका व्यक्ति र सवारी साधन इलाका प्रहरी कार्यालय धरानमा राखिएको छ ।

# खाल्डोमा डुबेर १४ महिनाका बालकको मृत्यु

झापा, फागुन ५ । कचनकवलमा पानीको खाल्डोमा डुबेर १४ महिनाका बालकको मृत्यु भएको छ ।



सोमवार साँझ ६ बजे कचनकवल वडा न.२ हर्दासभिट्टा बस्ने खेलराज राजवंशीका छोरा १४ महिनाका प्रियांस राजवंशी वडा नं.३ दल्कीस्थित आफ्नै मामाघरमा खेल्ने क्रममा कलको पानी जम्ने खाल्डोमा डुबेर अचेत अवस्थामा फेला परेका थिए ।

उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । बालकको शव सोही अस्पतालमा रहेको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बेलवारी शाखा स्थानान्तरण सम्बन्धी सुचना

**यस एक्सेल डेभलपमेन्ट बैंक लि. को मोरङ जिल्ला, बेलवारी नगरपालिका वडा नं. १, भट्टराई मार्केटमा रहेको वेलवारी शाखा कार्यालय मिती २०८२ फाल्गुन ४ गते देखी हालको स्थानबाट करिब १०० मिटर महेन्द्र हाईवेबाट दक्षिण पूर्व बेलवारी नगरपालिका वडा नं. ३, सुवेदी इम्पेक्स रहेको भवनमा स्थानान्तरण गरिएको हुँदा सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ ।**

**यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।**

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )

**केन्द्रीय कार्यालय, विर्तामोड, झापा**

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री फिलिप कुमार लिम्बु, पश्चिमः श्री मन्जु अधिकारी र प्रसान्त अधिकारी, उत्तर : सडक, दक्षिणः अनु कुमारी ठाकुर र भावानन्द राजवंशीको नाममा जारी गरिएको ।

हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री कमला गौतम पोखरेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०२ ०० | ४१६ | १६८.०० | २०८२/ १० /१३ | २०८२/ १० /१३ | २०८२/ १० /२३ |

# लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आब्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/११/०६**

यस कार्यालयको तपशिल बमोजिमका पुराना मोटरसाइकलहरु जे-जस्तो अवस्थामा छन् ,सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| लिलाम हुने मोटरसाइकल | दर्ता नं. | सिसि | चेसिस तथा इन्जिन नं. | न्यूनतम मूल्य/प्रति एकाई रु. |
|---|---|---|---|---|
| होन्डा सिबी युनिकर्न-२०१८ | को ३७प १९५१ | १६३सि.सि. | ME4KC209LJ8038575 KC20E81063983 | ६५,०००.०० |
| होन्डा सिबी युनिकर्न-२०१८ | मे ११ प ८४४६ | १६३सि.सि. | ME4KC209CJ8038569 KC20E81063977 | ६०,०००.०० |
| होन्डा सिबी युनिकर्न-२०१८ | को ३७प १९६८ | १६३सि.सि. | ME4KC209LJ8038557 KC20E81063960 | ६०,०००.०० |
| होन्डा सिबी युनिकर्न-२०१८ | मे ११ प १६५६ | १६३सि.सि. | ME4KC207EJ8013386 KC20E81058148 | ५०,०००.०० |
| होन्डा सिबी युनिकर्न-२०१८ | मे १० प ५०६२ | १६३सि.सि. | ME4K209AJ8025767 KC20E81044956 | ५०,०००.०० |
| होन्डा सिबी युनिकर्न-२०१८ | मे १० प ४०८४ | १६३सि.सि. | ME4KC20209AJ8026343 KC20E81045525 | ५०,०००.०० |
| फ्यासिनो -२०१७ | मे १० प १३९१ | ११३.४ सि.सि. | ME15ED193H0010813 E3Y4E0020614 | २०,०००.०० |
| अपाचे आरटिआर-२०१७ | मे १० प ३०१४ | १६० सि.सि. | MD634KE4XH2E38982 OE4EH2141824 | ६५,०००.०० |
| होन्डा सिबी युनिकर्न-२०१६ | मे ८ प २८३१ | १६२ सि.सि. | ME4KC204HG8030479 KC20E80195754 | ५०,०००.०० |
| अपाचे आरटिआर-२०१७ | मे ९ प७०० | १६० सि.सि. | MD634KE48H2C35105 OE4CH2138049 | ६५,०००.०० |

**शर्तहरुः**

१. बोलपत्र फारम रु. १०००।०० ( एक हजार रुपैयाँ मात्र) खाता नं. 999- 9373011000010BID APPLICATION FEEमा जम्मा गरि सामान्य सेवाइ काईवाट लिन सकिनेछ ।बोलपत्र फारम वापत बुझाएको दस्तुर फिर्ता हुने छैन ।
२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस बैंकको खाता नम्बर 999-9266011610003 BID MONEY DEPOSIT मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
४. दर्ता भएका बोलपत्रहरु सूचना प्रकाशित मिति समाप्त भएको भोलिपल्ट (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रीय कार्यालय बिर्तामोडमा खोलिनेछ साथै बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. मोटरसाइकलको नामसारी तथा दाखिला खारेज बापत लाग्ने सम्पूर्ण राजश्व एवं दैदस्तुर सकार गर्नेले नै व्यहोर्नु पर्नेछ ।
६. दरखास्तमा उल्लेख भए बमोजिमको रकममा बिक्री गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय बैंकको हुनेछ ।
७. उक्त सामानहरु हेर्न यस बैंकको केन्द्रीय कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न सकिनेछ ।
८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिनभित्र कबोल गरेको रकम बुझाई मोटरसाइकल नामसारी गरी बुझी लानुपर्नेछ । सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत गरिनेछ ।
९. बोलपत्र फारमको लागि यस बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।
१०. थप जानकारी कार्यालयको फोनः ०२३-५३४०१०/०२३-५३२६९९ बाट लिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**केन्द्रीय कार्यालय, विर्तामोड, झापा**

# सहारा नेपाल (साकोस) लि.

**मुल कार्यालय,बिर्तामोड-२, चारपाने**

# बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/०६**

यस सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई आ.व.२०८२/०८३ को लागि तपशिल सामाग्रीहरु बिक्री गर्न इच्छुक फर्मबाट निम्न आवश्यक कागजहरु संलग्न राखी ७ दिनभित्र कार्यालय समयमा बोलपत्र आव्हान गरिन्छ ।

१. **ल्यापटप, कम्प्युटर, प्रिन्टर र कार्यालय उपकरण सामानहरु :**

| क्र.स. | सामानको विवरण : |
|---|---|
| 1 | Desktop Assemble Set:<br>Motherboard: Supports Upto 6th to 9th Gen CPU,RAM : DDR4 SDRAM Slot Upto 32GB,4xUSB2.0, 2xUSB3.0, 1xVGA Port, 1x HDMI Port, 1x RJ45 Port, 1x3-in-1 Audio Port 3x SATA 3.0,LAN (100/1000 Mbps)<br>CPU: I5 7th Gen or Higher<br>RAM: Desktop Ram 8GB DDR4 2666Mhz or higher<br>SSD Sata: 256GB SSD (Read Speed 510 MB/s & Write 450MB/s)<br>Keyboard/Mouse: Wired Combo Keyboard & Mouse (Keyboard Lifespan of 10 million Keystrokes & Mouse DPI 1000)<br>Casing : ATX Casing with PSU<br>CPU Cooling Fan: Good Quality<br>Monitor : Screen size: 19.5" (HD+), Resolution: 1600 x 900, Aspect ratio: 16:9, Panel type: TN (Twisted Nematic), Backlight: LED, Brightness: 200 nits, Refresh rate: 75 Hz, Response time: 6 ms (GTG), Viewing angles: 90° horizontal / 65° vertical, Color support: 16.7 million colors |
| 2 | LAPTOP :<br>Processor: Ryzen 5 7000 series or above, Graphics: Integrated AMD Radeon™ Graphics<br>RAM: 8 GB LPDDR5-5500 MHz, Storage: 512 GB PCIe NVMe M.2 SSD, Screen: 15.6" Full HD (1920×1080) IPS, Aspect ratio: 16:9, USB: 1 × USB-C, 2 × USB-A, HDMI: 1 × HDMI 1.4b, Audio: 3.5 mm headphone/microphone combo, Wi-Fi: Wi-Fi 6 (802.11ax) & Bluetooth 5.3, Webcam: True Vision (HD) with noise reduction, Microphones: Dual-array digital mics, Speakers: Dual speakers, Keyboard: Backlit keyboard with numeric keypad, Touchpad: Precision touchpad, Battery: 3-cell,Operating System: Windows 11 |
| 3 | Printer:<br>Print speed: Up to 34 ppm (A4),Memory: 128 MB,Print resolution: Up to 1200 × 1200 dpi,Automatic duplex (2-sided) printing: Yes,Standard tray, capacity: Up to 250 sheets,Output capacity: Up to 150 sheets<br>Supported paper sizes: A4, Letter, A5/A6, B5/B6, Executive, etc. |
| 4 | SATA SSD: 256 GB (Sequential Read:Up to 520 - 560 MB/s, Sequential Write: Up to 480 - 540 MB/s) |
| 5 | 3D NVMe M.2 SSD: 256 GB (sequential read speeds: up to 3,400 MB/s and write speeds: up to 2,500 MB/s) |

२. **अन्य आवश्यक सामानहरु :**

१. सिलिङ्ग फेन, स्टेण्ड फेन ।
२. स्टेशनरी सामान ( फोटोकपी पेपर, डबल ए ७० ग्राम, ए फोर साईज ) ।

**शर्तहरु :**

१) फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।
२) फर्मको लेटर प्याडमा बोलपत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३) बोलपत्रमा फर्मको ब्यवसाय प्रमाण–पत्र प्रतिलिपी, कर चुक्ता प्रमाण–पत्र प्रतिलिपी, मूल्य अभिवृद्धि कर प्रमाण–पत्रको प्रतिलिपी, तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्नेछ ।
४) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन ।
५) एक पटक पेश गरिएको शिलबन्दी दरभाउ पत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।
६) फर्मले संस्थालाई गुणस्तरीय सामानहरु उपलब्ध गराउनु पर्नेछ ।
७) बोलपत्र स्वीकृत गर्ने/ नगर्ने, रद्द गर्ने र स्थगन गर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय,बिर्तामोड-२, चारपाने**
**फो.न. ०२३-५३११९८, ०२३-५३३४०८**

## सम्पादकीय

# हावादारी घोषणापत्र

यही फागुन २१ गतेको निर्वाचनका लागि दलहरुले एकपछि अर्को गर्दै चुनावी घोषणापत्र सार्वजनिक गर्दैछन् । केहीले सार्वजनिक गरिसकेका छन् भने केहीले बाँकी रहेको छ । निर्वाचनअघि गरिने चुनावी घोषणापत्र हावादारी हुने गरेको छ ।

चुनावी घोषणापत्र दलहरूको सिद्धान्त, उद्देश्य र योजना समेटिएको लिखित वाचा हो। त्यसकै आधारमा नागरिकले मत दिन्छन्। नागरिकको भरोसामा टिक्न जित्ने उम्मेदवार र सरकारमा पुग्ने दलले योजना, प्राथमिकता र कार्यक्रम तिनै घोषणापत्रबाट तय गर्नुपर्ने हो। यही कारण जवाफदेह र उत्तरदायी लोकतान्त्रिक प्रणालीमा घोषणापत्रलाई नैतिक मूल्यको कसीमा जाँचिन्छ। वाचा पूरा नगर्ने दल र उम्मेदवार नागरिकको नजरमा अविश्वसनीय ठहर्छन्। तर, नेपालमा चाहिं? राजनीतिमा नैतिकता र जवाफदेही कमजोर भएकाले चुनावी घोषणापत्रको यस्तो हबिगत हुन पुगेको हो । वाचा पूरा नगरे पनि दण्डित हुनु नपर्ने भएकाले हावादारी घोषणापत्र सार्वजनिक गरिन्छन्, मतदाताले अघिल्लो पटकको प्रतिबद्धता किन पूरा नगरेको भनेर च्याखच्याख्ती नपारुन्जेल यस्तै भइरहन्छ ।

घोषणापत्र हचुवामै निर्माण हुँदै आएकाले यथार्थभन्दा हावादारी हुने गरेको हो । पार्टीले स्थानीय निर्वाचनका लागि साझा खाका (टेम्प्लेट) मात्र बनाउनुपर्ने हो। घोषणापत्र स्थानीय तहले आफ्नो आवश्यकता, क्षमता हेरेर निर्माण गर्नुपर्ने हो। मतदाताले नै जवाफ माग्ने पद्धति विकास गर्न सके हावादारी घोषणापत्र बनाउने दल वा उम्मेदवार प्रतिस्पर्धामा हार्ने छ ।

मतदातासम्म विस्तारित अति दलीयकरणका कारण जवाफदेही नखोज्ने अभ्यास झाँगिएकाले दलहरूले जनता रिझाउन पूरा गर्नै नसकिने वाचा गर्ने गरेका हुन् ।विगतमा गरिएका प्रतिबद्धता पूरा भए कि भएनन् भनेर दल र उम्मेदवारसँग नागरिकले जवाफ माग्ने अभ्यास छैन। दलीयकरणले हरेक घरलाई गाँजिसकेकाले यस्तो मूल्याङ्कन गर्ने पद्धति पनि छैन। स्रोत र क्षमता नबुझीकन जे पनि गरिदिन्छु भनेर जनतालाई आकांक्षा मात्रै बाँड्ने घोषणापत्रका कति वाचा पूरा भए भनेर खोज्नुपर्छ, समीक्षा नगरी मत हाल्नु नागरिकको पनि दोष हो। दलहरुले विगतमा धेरै झुक्याए । अब पनि झुक्याउन खोज्दैछन् । त्यसकारण दलहरुको गुलियो घोषणापत्रमा नभुलेर उसको इमानदारितालाई मूल्यांकन गरौं ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# युवा चेतको परीक्षण



• मोहन नेपाली

नेपालको राजनीतिक इतिहासमा हामीले चुनाव पटक पटक बेहोरिसकेका छौं । आवधिक रूपमा हुने सङ्घीय निर्वाचन २०८४ मा हुनुपर्थ्यो तर अहिले नै अर्थात् २०८२ मै हुँदै छ । यो कुनै संसदीय अङ्कगणितको खेलबाट हुन लागेको मध्यावधि निर्वाचन होइन । मुलुकमा भ्रष्टाचार बढिरहँदा भदौ २३ र २४ मा भएको जेनजी विद्रोहको शान्तिपूर्ण ढङ्गले व्यवस्थापन गर्नुका साथै सक्षम तथा अद्यावधिक चेतयुक्त युवा सहभागितामा नेपाली लोकतन्त्रको प्रभावकारी नवीकरण गर्न फागुन २१ मा निर्वाचन हुन लागेको हो । यस अर्थमा यो निर्वाचन तात्त्विक रूपले विशेष महत्वको छ ।

नेपालमा १६ देखि ४० वर्षसम्मको जनसङ्ख्यालाई युवा मानिन्छ । यहाँ जनसङ्ख्याको ४० प्रतिशतभन्दा बढी युवापुस्ताले ओगटेको छ । यस हिसाबले करिब एक करोड सात लाख युवा रहनु भनेको जनसङ्ख्याको सबैभन्दा ठुलो हिस्सा युवापुस्ताको रहेको देखिन्छ । बालिग मतदाताको सूची, सामाजिक सञ्जालका प्लेटफर्म, आर्थिक तथा औद्योगिक गतिविधि, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय श्रम बजार, खेलकुद, कला, संस्कृति, साहित्य आदि सबै क्षेत्रमा युवाको उपस्थिति निर्णायक देखिन्छ तर राजनीतिक दललाई जुरुक्कै बोकेर हिँड्ने र नेतृत्वको रक्षाकवचको भूमिकामा युवा उपस्थिति छर्लङ्ग हुँदाहुँदै पनि समग्र राजनीतिमा युवाको नेतृत्वदायी एवं नीति निर्माणसम्बन्धी भूमिका लगभग नहुनु वा ज्ञान, गुण र विज्ञानमा पोख्त युवा राजनीतिक दिग्दर्शन गर्ने ठाउँमा नहुनु चाहिँ विडम्बना हो । अदम्य ऊर्जा प्रवाहित हुने उमेरका युवालाई स्वदेशको उत्पादनमुखी अर्थतन्त्रको अभिवृद्धि गर्ने र राष्ट्रिय उत्पादकत्व बढाउने कार्यमा परिचालन गर्नुभन्दा पनि विदेशतिरै पठाउनुलाई एक नम्बरको उपाय जस्तो ठानिनु सही होइन । विदेश जानु नै मुख्य समाधान भन्ने वातावरणको अन्त्य होस् भन्ने धेरैको चाहना छ । वास्तवमा जेनजी विद्रोहले युवा नेतृत्वका लागि ढोका खोलिदिएको छ, सदुपयोग/दुरुपयोग आफ्नो ठाउँमा छ । यस तथ्यमाथि आत्मसमीक्षा अपरिहार्य छ ।

युवालाई राजनीतिक नेतृत्वदायी वा निर्णायक भूमिकामा लामो समयदेखि कायम निषेधको परिणाम युवाको राजनीतिप्रति तथा स्थापित नेतृत्वप्रतिको विश्वास ह्वात्तै घट्न गयो । त्यस्तै आममानिसमा विद्यमान राजनीतिक कार्यसम्पादनप्रति दिक्दारीपन बढ्न पुग्यो । लाखौं युवाको विदेश पलायनको कथा भीमकाय एजेन्डाका रूपमा सामाजिक मनोविज्ञानमा गढ्यो । युवाले राजनीति हेर्ने, जयजयकार गर्ने तर त्यसप्रति आस्था नराख्ने स्थिति बन्दै गयो । हो, पाँच महिनाअघिको जेनजी विद्रोहले त्यो चक्र तोड्ने सङ्केत गरेकोमा त्यस परिवर्तनकारी अपेक्षाको निरन्तरता स्वरूप निर्वाचन हुँदै छ । अब समग्रतामा नेपाली राजनीतिमा युवा गुनासोकर्ता र ताली पड्काउने मात्र होइन, गुनासो सुन्ने तथा हस्तक्षेप गर्ने भूमिकामा समेत आउलान् भने अपेक्षा गरिएको छ ।

निर्वाचन लोकतन्त्रमा नौलो विषय होइन । यद्यपि फागुन २१ मा हुन लागेको निर्वाचन जेनजी विद्रोहको जगमा उभिएको छ भन्ने हेक्का विवेकशील नागरिकले नराख्ने प्रश्न उठ्दैन । औपचारिकता वा परम्पराको निरन्तरता हुनुहुन्न, यो निर्वाचन । नेपालको संस्थागत राजनीतिक शक्ति र जेनजी विद्रोहबिचको अन्तरद्वन्द्वात्मक संवादका रूपमा यो निर्वाचन हुँदै छ र यसमा युवापुस्ता केन्द्रविन्दुमा छन् । नेपाली युवा लोकतन्त्रलाई नवप्रवर्तनात्मक पद्धति र गतिशील प्रणालीको रूपमा अगाडि बढाउन उत्साहित देखिनु सकारात्मक कुरो भएकाले यस पक्षलाई निषेधको मनोविज्ञानबाट प्रेरित भएर नकारात्मक चित्रण गर्नु झनै बढी प्रत्युत्पादक हुने देखिन्छ । बरु मध्यमार्गी दर्शनलाई अँगालेर देशको कुनै कुनामा पनि अतिवाद फस्टाउने वातावरण नबनोस् भन्नेतर्फ सबै सरोकारवाला पक्षले कसरत गर्नुपर्ने बेला हो, यो ।

विद्रोहको मूल मर्मसँग सायदै कोही अनभिज्ञ होला । नवपुस्ताको पहलमा भएको विद्रोहले चहकिलो पारेको सुशासनको मुद्दा मोटो सूत्र हो, जसलाई मिडिया बहसमा विस्तृत रूपमा फुकाएर रचनात्मक विश्लेषण गर्नु जरुरी थियो, जुन हुन सकिरहेको छैन । किन सुशासन भएन, बाधक तत्वहरू के के हुन्, निर्वाचन पछि आउने नेतृत्वदायी शक्तिले तिनको निराकरण कसरी गर्न सक्छ, मानव अधिकार र विकासका सूचकाङ्कमा फड्को मार्ने अबको नीति, रणनीति र कार्यक्रम के हुन सक्छन्, सुशासनका निम्ति नेतृत्वमा आवश्यक पर्ने मापदण्ड के के हुन सक्छन् भन्ने सवालमा रचनात्मक बहस आवश्यक छ । मिडिया सधैँ झैँ कसको ठाउँमा को पुग्ने भन्ने प्रश्नमा मात्र केन्द्रित बन्नुभन्दा कम्तीमा पनि कोसँग केकति भरपर्दो ज्ञान, गुण र वैज्ञानिकता छ भन्ने कुरा नागरिकसमक्ष उजागर गर्ने प्रयत्नमा रहनु उचित हुन्छ ।

भदौ २३ र २४ को जेनजी विद्रोह झट्ट हेर्दा आक्रोशको राजनीति जस्तो लागे पनि यसको तात्त्विक पक्ष निकै विचारणीय छ । यो नवयुवा विद्रोह पीडाजन्य अनुभवबाट जन्मिएको चेत हो । नेपाली नवयुवाले अन्धाक्रोश पोखेको होइन । यहाँको युवापुस्ता वैश्विक ज्ञान, विज्ञान र परिवर्तनबाट अनभिज्ञ छैन । चरम भ्रष्टाचारको अलावा, बेरोजगारी, युवाको विदेश पलायन, सबै क्षेत्रमा विद्यमान असमानता, सर्वत्र विचौलिया सञ्जालको घेरा, अस्वाभाविक महँगी, दण्डहीनता जस्ता विषय युवापुस्ताले समेत प्रशस्त भोगेको हुँदा उनीहरूको युगीन प्रकटीकरणलाई कसैले खारेज गर्न सक्दैन । जब जनप्रतिनिधित्वको थलो संसद् जनताको ज्वलन्त मुद्दामा केन्द्रित हुनुको साटो 'टग अफ वार' अर्थात् रस्साकस्सीमा व्यस्त हुन्छ तब जनआवाज सडकमा एकत्रित हुन थाल्छ । चुनिएर आउनेवाला जनप्रतिनिधिले ध्यान दिन योग्य विषय हो, यो । यो कोणबाट हेर्दा भदौ २३ र २४ को विद्रोहमा मात्र आक्रोश होइन, बरु तथ्य, धरातलीय यथार्थले उब्जाएको प्रश्न र समाधानमुखी सोच पनि भेटिन्छ ।

सक्षम युवा प्रतिनिधि कति छानिन्छन्, महिला कति निर्वाचित हुन्छन्, शिक्षा र स्वास्थ्यलाई नेपाली समाजको आमूल परिवर्तनका लागि सबैभन्दा ठुलो मुद्दा र नैसर्गिक मानव अधिकारका रूपमा प्रत्याभूत गरिनुपर्ने अवधारणाले प्राथमिकता पाउँछ कि पाउँदैन जस्ता विषयले युवा चेतको झलक दिने छ । चिटिक्क परेको घोषणापत्र मात्र पनि पर्याप्त हुने छैन । दलभित्रको आन्तरिक संरचना, समावेशीका विशेषता, विद्यमान नेतृत्व तहमा युवा प्रतिनिधित्वको स्थिति, नेतृत्वको अहिलेसम्मको भनाइ र गराइबिचको तालमेलको स्थिति, शीर्ष नेतृत्व तहबाट त्यसभन्दा मुनिका सबै एकाइ र विषयगत संरचनामा नैतिक प्रशिक्षण प्रवाहको स्थिति आदि पनि मतदाताका निम्ति मूल्याङ्कनका पक्ष हुन सक्छन् । परिवर्तनको द्योतक मानिने फागुन २१ को निर्वाचनमा खास गरी युवापुस्ताले ख्याल राख्नुपर्ने त्यत्तिकै महत्त्वपूर्ण मुद्दा दलसँग भरपर्दो किसिमको उत्पादनमुखी तथा निर्यातमुखी अर्थनीति छ कि छैन भनेर हेर्नु हो । यसका साथै उच्च शिक्षालाई युवा उद्यमशीलता र ग्राह्य वित्तीय प्रावधानसँग जोड्ने विश्वासिलो आधार पनि जागरुकताका साथ खोजी गर्नुपर्ने छ ।

युवा चेतको ऐतिहासिक परीक्षण फागुन २१ मा हुने छ भन्दा अतिशयुक्ति हुने छैन । शान्तिपूर्ण विद्रोहको एजेन्डालाई लोकतान्त्रिक तरिकाले परीक्षण गर्ने कार्यले द्वन्द्व व्यवस्थापनमा संवाद संस्कृतिको सार्थकतालाई नै इङ्गित गर्छ । जेनजी विद्रोह सडकबाटै सत्ता कब्जा गर्ने विद्रोह थिएन । त्यो त लोकतान्त्रिक पद्धति र संरचनामा नवयुवा तथा युवा उत्तराधिकारीको अहम् भूमिका र जिम्मेवारी संस्थापित गर्ने लोकतन्त्रभित्रकै लोकतान्त्रिक विद्रोह थियो । उक्त विद्रोह सुशासनका मूलभूत मापदण्डको कडाइपूर्वक कार्यान्वयन गर्न गराउनका लागि र लोकतन्त्रलाई नयाँ गतिशीलता र तीव्रता दिन विशेषतः नवयुवाको हस्तक्षेप थियो किनभने पुरानै चिन्तन, कार्यशैली र बहानाले नेपालको राजनीति नचल्ने स्थिति पैदा भएकै हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले “उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक” भने झैँ फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनलाई सुशासनसहितको उच्च उपलब्धितर्फको सकारात्मक परिवर्तनको ध्येयका साथ ग्रहण गर्नु बुद्धिमानी हुन्छ । अतः यस निर्वाचन विशेषतः नेपाली युवा चेतको पछिल्लो परीक्षण हुने देखिन्छ । गोपबाट

# देश किन जस्ताको तस्तै ?



• यज्ञप्रसाद शर्मा

नेपालको राजनीतिक इतिहासमा चुनावहरू पटकपटक भएका छन्। सरकारहरू फेरिएका छन्, अनुहारहरू बदलिएका छन्। तर प्रश्न उही छ- देश किन जस्ताको तस्तै छ ? अर्थतन्त्र किन झन् कमजोर बन्दै गएको छ ? यही पृष्ठभूमिमा यस वर्षको चुनावलाई 'पुरानो र नयाँबीचको लडाइँ'का रूपमा हेरिन थालेको छ। कसैकसैले 'देश बनाउने र देश जलाउनेबीचको लडाइँ' भन्दैछन्। यो केवल चुनावी नारा होइन, न त आरोप प्रत्यारोपको कुरा नै हो। बरु देशको स्वाभिमान र लोकतन्त्रको भविष्यसँग जोडिएको चेतावनीजनक प्रश्न हो। सामान्यतः लोकतन्त्रमा चुनावलाई जनताले आफूमाथि शासन गर्ने शासक छान्ने विधिका रूपमा हेर्छन्। तर नेपालजस्तो अस्थिर अर्थतन्त्र र विभाजित समाज भएको मुलुकमा चुनाव मुलुकलाई दिशानिर्देश गर्ने मोड बन्ने गरेको छ। हो, चुनावबाट निर्वाचितहरूले नै जनतामाथि शासन गर्छन्। त्यही भएकाले शासक छान्ने हो।

जोसुकैले जिते पनि त्यो सिंहदरबारमा बसेर जनतामाथि शासन गर्ने नै हो। तर, अहिलेको बिथोलिएको अवस्थाबाट मुलुकलाई सही बाटो देखाउन असल र इमानदार सास चाहिन्छ, खराब परेमा मुलुक दुर्गतितर्फ जाला भन्ने डर पनि छँदैछ। नेपालमा आज निर्वाचनमात्र आएको छैन, नयाँ र पुरानो दुई शक्तिमध्ये कसको हातमा बागडोर दिने भनेर गम्भीर निर्णय गर्नुपर्ने मोडमा छौं। मुलुकमा एकातिर बेरोजगारी, युवा पलायन, सुशासनको अभाव र आर्थिक निर्भरता गहिरिँदै गएको छ भने अर्कोतिर राजनीतिक नेतृत्वप्रति नागरिक दृष्टिकोण लगातार नकारात्मक बन्दै गएको छ। यस्तो परिवेशमा हुने चुनावले या त सुधारको ढोका खोल्छ, या त अव्यवस्था र निराशालाई संस्थागत गर्ने अवसर प्रदान गर्दछ।

भदौ अन्तिम साताको आन्दोलनपछिको निर्वाचन हो यो। जेन-जीको सरकारले चुनाव गराउँदैछ। 'हाम्रो माग शासक परिवर्तन होइन, सुशासन हो', जेन-जी भन्दैछ। यसर्थ, अहिलेको सरकार जेन-जीका माग सम्बोधन गर्ने भन्दा पनि जेन-जी आन्दोलनका योजनाकारहरूलाई सरकारमा पुऱ्याउने हतारोमा छ। जेन-जीका वास्तविक मागलाई पन्छाएर चुनावको गाडी अगाडि बढाइँदैछ। भदौ २३ गतेको आन्दोलनका योजनाकार र २४ गतेको विध्वंसको नेतृत्व गर्नेहरू उम्मेदवार बनेका छन्। राष्ट्रका धरोहर र सम्पत्तिमा आगो लगाउने र जेन-जीलाई उत्तेजित बनाएर आन्दोलनमा होम्नेहरू नै उम्मेदवार बनेर आउँदा प्रायः सबै एउटै पार्टीसँग जोडिएका छन्। जसले देशलाई खरानी बनाउने कामको नेतृत्व गऱ्यो र जसका नेता सहकारी ठगका रूपमा जेल परेका थिए।

यस्तो बेलामा राष्ट्रिय अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको समेत साथ लिएर 'नयाँ'को नारा लगाएर अगाडि आएका उनीहरूको ठूलो स्वर र चर्को प्रचारशैली देखिएको छ। जसले देश बनाउने भन्दैछन्, उनीहरूको प्रचार कमजोर हुन्छ। देश बनाउन राजनीति गर्नेहरू चर्का नारा लगाउँदैनन्, चमत्कारको भाषा बोल्दैनन्। देश बनाउन चकमत्कार होइन, कडा निर्णय, दीर्घकालीन योजना र संस्थागत अनुशासनको माग गर्छन्। शिक्षा, स्वास्थ्य, न्याय प्रणाली, सार्वजनिक प्रशासन र अर्थतन्त्र सुधार गर्ने विषयहरूलाई केन्द्रमा राखेका हुन्छन्। तर यस्ता विषयहरू आम मतदाताका लागि आकर्षक हुँदैनन्। न त भिड तताउँछन्, न त सामाजिक सञ्जालमा भाइरल बन्छन्। तर, प्रभाव दीर्घकालीन हुन्छ, समुद्रजस्तो गम्भीर र गहिरो।

नेपालको विडम्बना यही हो, गम्भीर राजनीति अलोकप्रिय बन्दैछ। नीति र योजना प्रस्तुत गर्नेहरूभन्दा भावनात्मक भाषण गर्नेहरू लोकप्रिय हुने गरेका छन्। परिणामस्वरूप, देश बनाउने नारा दिनेहरू चुनावी प्रतिस्पर्धामा कमजोर देखिने र सामाजिक सञ्जालमा भाइरल बनेकाहरू चर्चामा देखिन्छन्। पुरानाको 'लाइक' र 'भ्युज' पनि कम नै हुन्छन्। त्यसको अर्थ, समाजमा देश बनाउने एजेन्डालाई मन पराउनेहरू कम छन् भन्ने होइन। उनीहरू सौम्य छन्, रियाक्टिभ छैनन्, त्यसैले धेरै देखिँदैनन्। उनीहरू परिस्थितिलाई नजिकबाट हेर्ने र सही समयमा मतदान गर्ने स्वभावका हुन्छन्। मुसुमुसु हाँस्दै परिस्थितिको विश्लेषण गर्छन र सही ठाउँमा मतदान गर्छन्।

देश जलाउने राजनीति असफलताबाट जन्मिन्छ र निराशामा बाँच्छ। यसले समस्याको समाधान खोज्दैन, दोषमात्र केलाउँछ। किनकि उसको सोच नै नकारात्मक कोणबाट सुरु हुन्छ। कहिले व्यवस्था नै गलत भन्छ त कहिले कुनै पात्रलाई दोषी देख्छ। यसले लोकतन्त्रका आधारभूत स्तम्भ-संविधान, संसद्, अदालत, निर्वाचन प्रणालीमाथि अविश्वास फैलाउँछ। ऊ आफूलाई एकमात्र मसिहाका रूपमा प्रस्तुत गर्छ। सामाजिक सञ्जाल र सडकमा होहल्ला गरेर जनमत बनाउन खोज्छ। खासगरी अनुभवहीन किशोकिशोरीको मन मस्तिष्कमा विष रोपेर आफनो अभीष्ट पूरा गर्ने प्रयास गर्दछ। सामाजिक सञ्जाल र अलगोदरिमको मद्दतबाट अहिले पनि देशको धरोहर जलाएर खरानी बनाउनेलाई रक्षा गर्दै 'हिरो' हो भनेर प्रचार गरिरहेका छन्। यस कुराले राज्यसत्ताको संरक्षणमा अपराध लुकाउने प्रयास, दण्डहीनताको नग्न उदाहरण बनिरहेको अवस्था छ। यसरी उदाउने शक्तिले कानुनी राज्यको पालना र समाजमा न्यायको प्रत्याभूति गर्छ त ? प्रश्न गम्भीर छ।

भदौ २३ गतेको नरसंहार र २४ गतेको विध्वंस ठीक थियो कि थिएन ? मुलुकले निर्णय गर्नुपर्ने बेला आएको छ। तर विडम्बना, यसै विषयमा छानबिन गर्न बनाइएको उच्चस्तरीय आयोगको प्रतिवेदन सार्वजनिक हुन सकेन, पुनः म्याद थपिएको छ। अन्योलकै बीचमा फागुन २१ गतेको चुनाव हुने भएको छ। भदौ २३ र २४ को आन्दोलनका योजनाकारहरू र देशका राष्ट्रिय धरोहर जलाएर खुसी मनाउनेहरू नै विजयी भए भने मुलुकका लागि खतरनाक अवस्था बन्छ। यसले लोकतान्त्रिक विधिबाट चुनाव जितेर सरकार र संसद्मा पुगे भने तिनीहरूले लोकतान्त्रिक मूल्यलाई नै धज्जी उडाउने सम्भावना छ। अर्थात्, निर्वाचित तानाशाही सरकार बन्न सक्छ। अदालतको फैसलालाई चुनौती दिँदै जेल तोडेर नेतालाई निकाल्ने शक्तिले विधिको शासन मान्छ भनेर कसरी भन्न सकिन्छ ?

यस्तो शक्तिले जितेमा प्रजातान्त्रिक संस्थाहरूलाई कब्जा गरेर राज्यलाई अस्थिरता, अराजकता र द्वन्द्वतर्फ धकेल्छ। नेपाल असफल राष्ट्र बन्न पुग्छ। विश्वमा थुप्रै यस्ता उदाहरण छन्। युक्रेन पछिल्लो उदाहरण हो। एउटा हास्य कलाकारलाई अमेरिकाले उचालेर चुनावमा ओराल्यो, जित्यो पनि। आखिरमा अमेरिकाको कठपुतली बनेर त्यसले देशलाई नै ध्वस्त बनाइछाड्यो। नेपालमा पनि केही सेलिब्रेटी त्यही मोडेलमा नेता बनेर चुनावमा होमिएका छन्। अनि नयाँ नेपाल बनाउने नारा दिइरहेका छन्। पुरानो सम्पत्ति जलाएर बनाउने नयाँ नेपालले देशको भलो गर्छ कि अरूकै ? गम्भीर प्रश्न नेपाली मतदातासामु देखिएको छ। उनीहरू नयाँलाई रोजौं मात्र भनिरहेका छन्, नयाँ आएर गर्छ के त्यो योजना र सोच सार्वजनिक गर्दैनन्।

तपाईंको चुनावी प्रतिबद्धता माग्दा उम्मेदवारहरू नै 'चुनाव जितेपछि पार्टी अध्यक्ष र प्रधानमन्त्रीलाई ल्याएर भाषण गर्न लगाउँछु' भनेर ठूलो स्वरमा भन्छन्। देश बनाउने सोच र कार्ययोजना छैन। यस्ता खाली दिमाग भएकाहरू नीति निर्माण तहमा पुगेर के गर्छन् ? जवाफ स्वाभाविक छ, अरूको एजेन्डामा देश चलाउँछन्। एजेन्डा दिन शक्ति राष्ट्रहरू सधैं तयार छन्। सामाजिक सञ्जाल अहिले सूचना प्रवाहका लागि प्रभावकारी माध्यम बनेको छ। तर यसलाई चेतनाका लागि प्रयोग गर्ने कि हतियार बनाउने भन्ने कुरा गम्भीर रूपमा उठेको छ। केही व्यक्तिहरू यसलाई हतियारका रूपमा प्रयोग गर्दैछन्। जनतामा जानु, आफ्नो विचार राख्नुभन्दा पनि सामाजिक सञ्जालमा स्टाटस लेखेर अल्गोरिदमको प्रयोगबाट भाइरल बनाउने काममा ध्यान दिइँदैछ।

दुर्भाग्य, सामाजिक सञ्जाल तथ्यगत बहसभन्दा अफवाह, उत्तेजना र चरित्रहत्या फैलाउने हतियारजस्तो भइरहेको छ। छोटो भिडियो, अधुरो तथ्य र षड्यन्त्र सिद्धान्तले मतदातालाई सोच्ने होइन, प्रतिक्रिया जनाउने अवस्थामा पुऱ्याइँदैछ। यस्तो वातावरणमा मतदाताले विवेकशील भएर निर्णय गर्न कठिन बन्दै गएको छ। देशमा विद्यमान विसंगतिका लागि राजनीतिज्ञलाई मात्र दोष दिएर उम्किन मिल्दैन। लोकतन्त्रमा नागरिक सचेत र निर्णायक शक्ति हो। गलत नेतृत्वलाई अवसर दिनु, सबै उस्तै हुन् भन्दै अगाडि बढ्नु जिम्मेवार मतदाता हुनबाट पन्छिनु हो। व्यक्तिगत फाइदालाई भन्दा राष्ट्रिय हितलाई मतदाताले ध्यान नदिएमा देश जलाउने राजनीतिलाई बल पुग्छ। लोकतन्त्रमा नागरिक निष्क्रिय भइदिँदा गैरजिम्मेवार शक्तिको हातमा नेतृत्व पुग्छ। जुन मुलुकका लागि दुर्भाग्य हो।

फागुन २१ गतेको चुनाव साँच्चै देश बनाउने र देश जलाउने बीचको लडाइँ हो। यो लडाइँ भाषण मञ्चमा होइन, मतदाताको चेतनामा लडिँदैछ। एकातिर धैर्य, विवेक र दीर्घकालीन सोच छ; अर्कोतिर आक्रोश, अधैर्य र विध्वंसकारी प्रवृति छ। इतिहासले देखाएको छ, देश बाह्य शत्रुको प्रहारबाट होइन, आन्तरिक अविवेकबाट कमजोर हुन्छ। नागरिकले मतदानलाई केवल अधिकार ठानेर जिम्मेवारी बिर्सिए भने चुनाव विनाशको माध्यम बन्न सक्छ। यदि मतदाता सचेत, आलोचनात्मक र मूल्यमा आधारित सोच भएका भए भने यो चुनाव नेपाललाई नयाँ दिशा दिने महत्वपूर्ण मोड बन्न सक्छ।

हालै बंगलादेशको चुनावको परिणाम सार्वजनिक भएको छ। त्यहाँका जनताले देश जलाउने र सामाजिक सञ्जालका सेलिब्रेटीहरूलाई परास्त गरिदिएका छन्। जनता शान्ति र विकासको पक्षमा हुन्छन्, राष्ट्रहितको पक्षमा हुन्छन् भन्ने देखाएका छन्। लोकतन्त्रमा जनता नै जनार्दन हुने भएकाले नेपालमा पनि आउँदो निर्वाचनमा कस्तो शक्तिलाई स्थापित गर्ने भन्ने कुरा मतदाताकै हातमा रहेको छ। जलाउनेलाई जिताउने कि देश बनाउनेलाई निर्णय गर्नुपर्ने भएको छ। अहिले यति नै भन्नु उचित हुन्छ। अपूबाट

# राष्ट्रिय झण्डाको दुरुपयोग



• कृष्ण हुमागाँई

राष्ट्रिय झण्डाको सबैले सम्मान गर्नुपर्छ, यस कुरामा सायदै दुईमत होला तर, बारम्बार राष्ट्रिय झण्डाको दुरुपयोग मात्र होइन, अपमान भइरहेको छ । यसको जथाभावी दुरुपयोग गर्नु हुँदैन । राष्ट्रिय झण्डा प्रयोग गर्न पाउने पनि बैधानिक ब्यवस्था छ । जनताबाट अनुमोदित भएर राजकीय ओहोदामा पुगेकाले यसको प्रयोग गर्ने हो । अन्तर्राष्ट्रिय मंचहरुमा नेपाल राष्ट्रको प्रतिनिधित्व गरेर भाग लिने ब्यक्ति, निकाय वा संस्थाले प्रयोग गर्ने हो । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, संघीय संसद, प्रदेशसभा, मन्त्रीहरु, नेपाली सेना, प्रहरी, स्थानीय निकाय, नेपाल सरकारका सरकारी निकाय/आयोग, अड्डा, अदालत र सरकारी कार्यालयहरु, कलेज, बिद्यालय, सार्वजनिक संस्थान, बोर्ड, सरकारी समितिहरुका कार्यालयहरुमा राष्ट्रिय झण्डा प्रयोग सम्बन्धी संविधानको अनुसूची १ मा तोके बमोजिम प्रयोग हुने हो । आम सर्वसाधारणले पनि राष्ट्रिय झण्डा र देशको अपमान नहुनेगरी सार्वजनिक हितका लाति लोक कल्याणकारी कार्यमा राष्ट्रिय झण्डाको प्रयोग गर्न पाउने प्रवधान छ । तर हाम्रो देशमा त कसैको लहडमा, हुलदङ्गामा, आगजनी, तोडफोडका घटनामा संलग्न हुनेले, सरकारी सार्वजनिक कार्यालय, सर्वोच्च अदालत, राष्ट्रसेवक कर्मचारी र नागरिकको घरमा आगजनी गर्नेले, मान्छे कुटीकुटी मार्नेले, सपिङ मलबाट सर-सामान चोर्नेले, ब्यक्तिको घर तोडफोड गरेर घरभित्र पसी सुन, चाँदी गरगहना र नगद लुटपाट र डकैती गर्ने, दिउँसै चोरेको रक्सी सार्वजनिकस्थलमा पिउने र अश्लिल गालीगलौज गर्नेले पनि काँधमा, कम्मरमा राष्ट्रिय झण्डा बेरेर उपद्रो गर्दै उफ्रेको पनि देखियो । गत २०८२ भदौ २४ गतेका दिन यस्ता थुप्रै अपराध कर्ममा सरिक भएका अपराधीहरुको अनेकन भिडियो फुटेजहरु सुरक्षा निकाय र आम नागरिकका मोबाइल र ल्यापटप, कम्प्युटरहरुमा सुरक्षित संग्रह गरिएका छन् । यो नेपाल राष्ट्रकै बेइज्जती हो । यस्तो कुकार्य गर्नेलाई अहिलेको भन्दा अझै कडा कानुन बनाएरै दण्डित गर्नुपर्छ, रोक लगाउनु पर्छ ।

नीति, विचार, सिद्धान्त, कार्यक्रम र दृष्टिकोणबिहीन अराजक, उदण्ड जमातलाई राष्ट्रिय झण्डा शरीरका बिभिन्न भागमा भिराएर गत भदौ २४ को बिनासकारी उपद्रव कसले गरे गराएको अहिलेसम्म कसैले त्यो सर्वनाशको जिम्मेवारी लिएको छैन । राजनैतिक लाभका लागि रास्वपाले जेनजी प्रदर्शनको स्वामित्व लिने बताए तापनि आगजनीबाट सर्वोच्च अदालत, सिंहदरबार, राष्ट्रपति भवन, मन्त्रालयहरु, प्रदेश र स्थानीय तहका कार्यालयहरु, ब्यक्तिका निजी आवास र ब्यवसायिक प्रतिष्ठानहरु, सवारी साधन लगायत गरि खर्बौको धनसम्पत्ति स्वाहाः भएको र प्रहरीले हतियार डाउन गरेको दिन भदौ २४ मा ५५ जनाले ज्यान गुमाएको त्यो हृदयबिदारक घटना कसले गराएको थियो ? यो प्रश्नको समयले उत्तर खोज्ने नै छ । शान्तिपूर्ण रुपमा बिरोध गर्न पाउने अवस्था हुँदाहुँदै स्कुले पोशाकमा विद्यार्थीलाई संसद भवनतिर ठेलेर भदौ २३ को घटना गराई १९ जनाको इहलिला समाप्त पारिदिने षडयन्त्रकारीको पनि समयक्रमसँगै पोल खुल्दै जाने नै छ । सामाजिक संजाल खुल्नु पर्यो, भ्रष्टाचारमुक्त सुशासन कायम हुनुपर्यो भन्ने माग कुनै राजनैतिक माग थिएन । यो अहिलेकै ब्यवस्थाभित्र अवस्थामा सुधारको माग थियो । तर, जेनजी प्रदर्शनमा पानी बाँड्न आएका र फ्री तिब्बत मुभमेन्टका अभियन्ताहरुले विद्यार्थीको यो शान्तिपूर्ण आन्दोलनलाई अपहरण गरेर सरकारमा मन्त्री, प्रधानमन्त्री तोक्ने हैसियत एकै रातमा कसरी बनाए ? प्रश्न गम्भीर मात्र होइन, संवेदनशील पनि छ । आखिर लोकतन्त्रभन्दा उत्तम ब्यवस्था आजको विश्व राजनीतिक रङ्गमंचमा देखा परेको छैन भने नेपालको लोकतान्त्रिक प्रणाली र यहाँको संविधानलाई नै घाइते बनाएर २०८४ मा हुने संसदको चुनावलाई २०८२ मा गराउनकै लागि प्रतिनिधिसभा अवैधानिक रुपमा किन विघटन गराइयो !?! देशलाई बिधि, प्रक्रिया, पद्दति र प्रणालीबाट संचालन गर्ने भन्दा भीडतन्त्रबाट अराजकता र आतंक सिर्जना गरेर चलाउने जुन चेष्टा भइरहेको छ, यो हाम्रो मुलुकको अस्मिता रक्षाका लागि अति नै घातक प्रहार हो । यो सब नेपालको राष्ट्रिय झण्डालाई दुरुपयोग गर्दै हाम्रो सार्वभौमिकता र राष्ट्रियतालाई कमजोर पार्ने देशी-बिदेशी षड्यन्त्रको उपज हो भन्न सकिन्छ ।

कसले कसरी प्रयोग गर्न पाउँछ राष्ट्रिय झण्डा ?

अख्तियारप्राप्त निकाय र ब्यक्तिले पनि राष्ट्रिय झण्डाको प्रयोग गर्दा सधैं सम्मानपूर्वक राष्ट्रहितको काममा मात्र प्रयोग गर्नु पर्दछ । ब्यक्तिगत वा स्वार्थ समूहको निहित उद्देश्य पूर्तिका लागि झण्डाको दुरुपयोग गर्न पाइदैन, हुँदैन । राष्ट्रिय झण्डालाई भुइँमा राख्ने, कुल्चिने, च्यात्ने, फ्याँक्ने, जलाउने थुक्ने वा अपमान हुने कार्य गर्न पाइदैन । झण्डालाई सहि तरिकाले फहराउनु पर्दछ । झण्डालाई उल्टो नहुनेगरी सिधा राख्नुपर्दछ । चन्द्रमाको भाग माथि र सूर्य भाग तल हुनेगरी राखिनुपर्छ । अन्य संस्थागत वा बिषयगत झण्डाहरु भएकै स्थानमा राष्ट्रिय झण्डा राख्नुपर्ने भएमा राष्ट्रिय झण्डालाई सँगैका अन्य झण्डाभन्दा माथि वा प्रमुख र अग्लो स्थानमा देखिनेगरी राख्नुपर्दछ । राष्ट्रिय झण्डा बोकेर हिंड्दा आफ्नो शीरभन्दा माथि पारेर मात्र बोक्नुपर्दछ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाको सभामुख, उपसभामुख, राष्ट्रियसभाको अध्यक्ष, उपाध्यक्ष, मन्त्रीहरु, प्रदेश प्रमुख, उच्च अदालतका मुख्य न्यायधीश, संवैधानिक आयोगका प्रमुख र तिनका कार्यालयहरु र अन्य आधिकारिक पदाधिकारीको सवारीमा मात्र तोकिएको निश्चित ढाँचामा सवारी साधनको दायाँपट्टिको सानो पोलमा झण्डा राख्न पाइन्छ । अख्तियारप्राप्त अधिकारीको सवारी साधन हो, तर त्यस्तो ब्यक्तिको त्यो सवारी साधनमा यात्रा नभएको अवस्थामा राष्ट्रिय झण्डा फहराउनु हुँदैन । बिशेष राष्ट्रिय उत्सवहरु, संविधान दिवस, सहिद दिवस, अन्तर्राष्ट्रिय बिशिष्ट पाहुनाको सवारी, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा त्यस्तो स्थल वा सम्बन्धित कार्यालयहरुमा राष्ट्रिय झण्डा फहराइन्छ । राष्ट्रिय झण्डालाई ब्यापारिक उद्देश्यले, बिज्ञापनमा, सामान बेचबिखनमा, कपडामा टेबलक्लोथमा, जुत्तामा शरीरको कम्मर मुनिको भागमा प्रयोग गर्न मिल्दैन पाइदैन । राष्ट्रिय झण्डामा चित्र कोर्ने, च्यात्ने वा स्वरुप बदल्ने गर्न पाइदैन । राष्ट्रिय शोक र बिपत्तिको घडीमा सरकारले निर्णय गरेर निश्चित समय तोकेर राष्ट्रिय झण्डा आधा झुकाइन्छ । तर आम सर्वसाधारणलाई राष्ट्रिय झण्डा झुकाउने अधिकार हुँदैन, पाइदैन । सर्वसाधारणले भिआइपी सवारी नभएको वेला सानो आकारको झण्डा सम्मानजनक रुपमा आफ्नो गाडीमा, निवासमा राख्न सक्छन् । तर, अख्तियारप्राप्त सरकारी अधिकारीकै जस्तो हुनेगरी नक्कल गरेर त्यही आकार प्रकारमा प्रयोग गर्न पाइदैन । बिहान फहराएको राष्ट्रिय झण्डा बेलुका झिकेर सुरक्षित रुपमा सम्मानपूर्वक कच्याककुचुक नपारी राख्नुपर्दछ । राति राष्ट्रिय झण्डा फहराउनै पर्ने अवस्था आएमा उचित उज्यालो प्रकाशको प्रबन्ध गरेर मात्र फहराउन पाइन्छ ।

राष्ट्रिय झण्डाको अपमान गर्नेलाई फौजदारी दण्ड

नेपालको राष्ट्रियताको प्रतीक राष्ट्रिय झण्डाको माथि उल्लेख भए अनुसार दुरुपयोग गर्नेलाई मुलुकी अपराध संहिता २०७४ को दफा १६२ अनुसार फौजदारी कसुरमा तीन बर्ष कैद र अदालतले तोके बमोजिम ३० हजार रुपैयाँ जरिवाना सजाय हुन्छ । अदालतको घटनाको प्रकृति, गम्भीरता, उद्देश्य, नियत आदिलाई हेरेर सजाय निर्धारण गर्नसक्छ । कसैले राष्ट्रिय झण्डाको अपमान, दुरुपयोग गरेको भनी प्रहरीमा उजुरी परेपछि सरकारी वकीलमार्फत अदालतमा मुद्दा जान्छ र अदालतले कसुरदार ठहर गरेमा दण्ड जरिवानाको भागीदार बन्नुपर्छ, सजाय हुन्छ ।

राजनैतिक दलले कस्तो अवस्थामा राष्ट्रिय झण्डा प्रयोग गर्न पाउँछन् ?

नेपालका राजनैतिक दल र केही ब्यक्तिमा बढ्ता राष्ट्रवादी देखिने फेशन देखिएको छ । त्यसैले नीति, थिति, बिधि, नियम मिचेर जथाभावी राष्ट्रिय झण्डाको दुरुपयोग हुने गरेको छ । राजैतिक दलहरुले आफ्नो पार्टी कार्यालयमा पार्टीको झण्डाभन्दा अग्लो हुनेगरी राष्ट्रिय झण्डा राख्न पाउँछन् । राष्ट्रिय उत्सव, दिवस वा देशभक्तिपूर्ण राष्ट्र सम्मान कार्यक्रमहरुका ऱ्याली, सभाहरुमा, राष्ट्र गानको समयमा झण्डाको सम्मानसहित १० वटा झण्डासम्म प्रयोग गर्न पाउँछन् ।

र कस्तोमा पाउँदैनन् ?

पार्टीको चुनाव चिन्ह वा झण्डा जस्तै गरी राष्ट्रिय झण्डालाई जोडेर भोट माग्ने क्रममा, नारा-जुलुसहरुमा बाँड्ने, झुण्ड्याउने, मत माग्ने सामग्री बनाउन, उम्मेदवारको फोटोसँगै राष्ट्रिय झण्डा जोडेर प्रचार सामग्री बनाउन, फलानालाई भोट दिनुहोस् वा जिताऔं लेखेर, बोलेर चुनाव प्रचारमा राष्ट्रिय झण्डाको दुरुपयोग गर्न पाइदैन । राष्ट्रिय झण्डालाई टोपी, टी-सर्ट, ब्यानर, चुनावी पोष्टर, किरिङ्ग, स्टीकर, बिन्दुली टिकाको आकार अदिमा पनि दलहरुले राष्ट्रिय झण्डाको दुरुपयोग गर्न पाउँदैनन् । यस्तो गरेको उजुरी परेमा ब्यक्तिलाई भए सरहकै दण्ड जरिवाना हुन्छ दलहरुलाई पनि । निर्वाचन आचारसंहिताको उल्लंघन अन्तरगत निर्वाचन आयोगले समेत दलहरुलाई कारवाही गर्नसक्छ ।

अन्त्यमा

नेपालमा पछिल्लो समय राष्ट्रिय झण्डा शरीरमा बेरेपछि जे गर्नपनि छुट हुन्छ भन्ने भाष्य निर्माण गरिएको छ । झण्डा बेरेपछि जसलाई कुटेपनि, लुटेपनि हुने प्रवृत्ति देखिएको छ । गत भदौको २४ मा पनि यही प्रवृत्ति हावी भएको थियो । लुटपाट, आगजनी र तोडफोड जस्तो अपराध कर्म गर्नेले आफ्नो शरीरमा राष्ट्रिय झण्डा बेरेका थिए । अब त कोही राष्ट्रिय झण्डा ओढेर आएको देख्नासाथ ब्यापारीहरुले दोकान पसलको सटर बन्द गर्न थालेका छन् । राष्ट्रिय झण्डाको प्रयोगले हौसला, प्रेरणा र उत्साह दिनुपर्छ । उहाँ त राष्ट्रिय झण्डा प्रयोग गर्नेले जनतामा त्रास, आतंक, भय सिर्जना गरिरहेका छन् । राष्ट्रिय झण्डा ओढ्नेकाप्रति सम्मान भाव उत्पन्न हुनुपर्नेमा आज कसलाई लुट्ने हुन्, कसलाई चुट्ने हुन् ? भन्ने त्रासदीको आततायी वातावरण देखिन थालेको छ । यस्तो प्रवृत्ति र कार्यले हाम्रो राष्ट्रियता बलियो हुनसक्दैन । देशको माया हुनेले मर्यादामा बसेर देश र जनताको इज्जत, मान-सम्मान हुने हेतुले झण्डाको प्रयोग गर्नु पर्ने हो । तर यहाँ त आफ्नो शरीरमा झण्डा प्रयोग गर्ने मान्छे देख्यो कि आज को लुटपाटमा पर्ने हो ? को मर्ने हो भनेर त्राहीमाम हुनुपर्ने अवस्था बनाएका छन् राष्ट्रिय झण्डाको मर्म र महत्व नबुझ्ने लहडी उदण्ड र अराजकहरुले । तिनले लोकतन्त्र, मानवअधिकार र जनताको सर्वोच्चता बुझेकै छैनन् । अदृष्य शक्तिबाट फगत परिचालित मान्छेहरुले आफ्नै राष्ट्रको सम्पदा र सम्पत्ति नष्ट पारेका छन् । यस्तो राष्ट्रघाती कार्यमा राष्ट्रिय झण्डाको दुरुपयोग र अपमान गर्ने जेकोहीलाई कडा कानून बनाएर कानूनी दायराबाटै दण्डित गर्न ढिला गर्नै हुँदैन । अन्यथा हाम्रो देशमा अराजकतावाद र बेथिति बढेर जान्छ । यस्तो प्रवृत्तिलाई बेलैमा नियन्त्रण गर्न सकिएन भने भोलीका दिनमा यस्तै तत्वलाई भूमिगत गिरोह र अदृष्य शक्तिले प्रयोग गरेर हाम्रो राष्ट्रियता कमजोर बनाउँदै राष्ट्रिय अस्मिता नै समाप्त पारिदिन सक्छन् । सम्बन्धित सबैलाई बेलैमा चेतना भया ।

## कांग्रेसका वडा सभापति कटुवाल सक्रिय भएर लागेपछि.......

बिर्तामोड ,फागुन ५ । नेपाली कांग्रेस बिर्तामोड ८ का वडा सभापति उत्तम कटुवाल निर्वाचनमा सक्रिय भएर लागेसंगै १५३ जना जेनजी उमेर समूहका युवाहरुलाई पार्टीमा प्रवेश गराएका छन् ।

झापाको गरामनीमा आयोजित नेपाली कांग्रेस झापा क्षेत्र नं-२ निर्वाचन परिचालनका लागि बिर्तामोड नगरपालिका वडा नं-८ को सम्पर्क कार्यालय उद्घाटनका अवसरमा बिर्तामोड ७, ८ र ९ नं वडाका त्यति धेरै युवाहरु एकैपटक कांग्रेसमा प्रवेश गरेका हुन् । विभिन्न पार्टी परित्याग गरेका र स्वतन्त्र रहेका युवाहरुले कांग्रेसको नीति, सिद्धान्त र विचारबाट प्रभावित भई पार्टीमा प्रवेश गरेको बताएका छन् ।

केही दिनअघि वडा सभापति कटुवालसहित २७ जनाले निष्क्रिय बस्ने घोषणा गरेका थिए । जुन निर्णयका कारण पार्टीभित्र हलचल मच्चिएको थियो । वडा कार्यालय व्यवस्थापनका लागि आवश्यक सहयोग गर्नेतर्फ उम्मेदवार र माथिल्लो तहका नेताहरुले चासो देखाएपछि वडा सभापति कटुवालसहितका कार्यकर्ताहरु सक्रिय भएर लागेका हुन् । वडा कार्यालयका लागि चुनाव प्रचार प्रसार समितिको आर्थिक समितिले एउटा टेबल र एउटा कुर्सी प्रदान गरेको छ भने स्वर्गीय हजुरबुवा खड्गबहादुर कार्कीको स्मृतिमा उनका नातिनातिनाहरु विराजं रेनुकां उपासना कटुवालले ७५ हजार रुपैयाँ बराबरको सहयोग गरेका छन् । त्यस्तै



सूर्यप्रसाद कन्दङ्वा, गोपाल मैनाली , उदय कुँवर , गंगा चुडाल , दिनेश पराजुली र सीता पौडेलले १०-१० वटा कुर्सी सहयोग गरेका छन् ।

त्यस्तै जयकुमार प्रसाईले ५ हजार बराबरको सहयोग प्रदान गरेका छन् ।

कांग्रेसमा प्रवेश गर्ने युवाहरुलाई पार्टीको सदस्यता प्रदान गर्दै नेपाली कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले नजिकिदै गरेको प्रतिनिधिसभा निर्वाचनमा सही पार्टी र सही नेतृत्व चयन भएमात्रै जनताले सुख पाउने बताए । उनले नेपाली कांग्रेसका उम्मेदवारहरु हरेक जनताको दुःखसुखमा साथ-साथ रहेको बताउँदै कांग्रेसलाई देशको नेतृत्वमा पुऱ्याउन रुख चिन्हमा मतदान गर्न आम मतदाताहरुलाई आह्वान गरे । कार्यक्रममा झापा क्षेत्र नं-२ का प्रत्यक्षतर्फका उम्मेद्वार सरिता प्रसाईले २००७ सालदेखि अहिलेसम्म भएका ब्यवस्था परिवर्तन एवं संविधान घोषणाजस्ता महत्वपूर्ण काम कांग्रेसकै नेतृत्वमा भएको बताउँदै अहिले पनि देश संकटमा रहेकाले यसको निकासका लागि कांग्रेसलाई ठूलो पार्टी बनाउन अपिल गरिन् । उनले युवाहरुको प्रवेशले कांग्रेस युवामैत्री भएको बताउँदै युवाहरुको सहभागिताले आफ्नो जित सुनिश्चित भएको दावी गरिन् । कार्यक्रममा महाधिवेशन प्रतिनिधि छत्रबहादुर गिरीले कांग्रेसले राष्ट्रियता , लोकतन्त्र र समाजवादको मूल नारालाई आत्मसात गरी मुलुकलाई बचाउँदै आएको भनाई राख्दै जनताको सुख शान्तिका लागि कांग्रेसलाई मतदान गर्न आव्हान गरे ।

समानुपातिक उम्मेद्वार एवं कांग्रेस केन्द्रीय सदस्य उमा शिवाकोटी, सुशिला ढकाल आचार्य, मनुमाया विश्वकर्मा, नेपाली कांग्रेस झापा सचिव कृष्ण हुमागाई, कोषाध्यक्ष जलकुमार गुरुङ, झापा क्षेत्र नं-२ का सभापति एवं निर्वाचन परिचालन समिति संयोजक खगेन्द्र मैनाली, जेनजी युवा अंगु सुब्बालगायतले मन्तब्य राखेका थिए ।

उदय कुँवरको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याउने १५ जनाभन्दा बढी अग्रज ब्यक्तित्वहरुलाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन लक्ष्मीप्रसाद आचार्य र उत्तम कटुवालले संयुक्त रुपमा गरेको कार्यक्रममा रुवि सिटौलाले स्वागत मन्तव्य राखेकी थिइन् ।

## ओलीको...

समेटिएको छ ।

एमालेले कमल-५ स्थित आदिवासी रंगशालालाई आधुनिक स्तरको रंगशालाको रूपमा निर्माण कार्य सम्पन्न गर्न पहल गर्ने, दमक, कमल र गौरादह नगर अस्पताल साथै गौरीगञ्ज अस्पतालको स्तरवृद्धि गर्ने, पाडाजुँगी-गौरीगञ्ज-आल्ताबारी सडक चौडा गर्दै स्तरोन्नति गर्ने, हुलाकी मार्गअन्तर्गत माई नदी पुलको अधुरो काम पूरा गर्ने, विराट बुद्धपार्कको काम पूरा गर्न पहल गर्ने, खानेपानी आयोजनाका सबै अधुरा निर्माण कार्य सम्पन्न गर्ने, प्रत्येक घरपरिवारलाई स्वच्छ खानेपानी प्रबन्धका लागि पहल गर्ने प्रतिवद्धता जनाएको छ । निर्माण सम्पन्न भएको दमक सभाहल सञ्चालनमा ल्याउने, कमलस्थित प्रादेशिक आयुर्वेदिक अस्पताललाई सुविधासम्पन्न शिक्षण अस्पतालको रूपमा स्तरवृद्धि गर्ने, कमलस्थित साधु होलीलाई नमुना सिमसारको रूपमा र बाल्मीकि आश्रमलाई सांस्कृतिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने, स्तुवामाई वृक्षारोपण आयोजना अन्तर्गतको वन क्षेत्रमा आम्दानीमूलक फलफूलका बिरुवा लगाई यो क्षेत्रलाई फलफूलमा आत्मनिर्भर बनाउने, गौरादह-६ तेलियाडाँगीबाट सिजुवा बजार जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने, गौरादह-५ चप्रामारीदेखि मोरङको कुनामारी जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने प्रतिवद्धता एमालेको रहेको छ ।

यसैगरी गौरादह-७ स्थित आदिवासी संग्रहालयको निर्माण कार्य पूरा गर्ने, गौरादह बजारमा रहेको पोखरीलाई आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने, यस क्षेत्रका विभिन्न पालिकाहरुमा सम्भाव्यता अध्ययन गरी नमूना खेती विस्तार गर्ने , गौरादहको नमूना खेती व्यवस्थित र आत्मनिर्भर बनाउन पहल गर्ने, गौरीगञ्जस्थित छोटी भन्सारलाई स्तरवृद्धि गर्ने, गौरीगञ्जमा रहेको चौनी सिमसार, मोजोलोम सामुदायिक र धोद्रामाटी क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने, यस क्षेत्रमा भएका विभिन्न धर्म, जाति तथा सम्प्रदायसँग सम्बन्धित धार्मिक अनुष्ठान र प्रतिष्ठानहरूलाई संरक्षण तथा प्रवर्द्धन गरिने लगायतका विषयहरु रहेका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ